Jana Aakash National Weekly
www.janaakash.com
# जनआकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- १०, २०८२ साल असोज १४ गते मंगलबार (September 30, 2025) www.janaakash.com.np




# चाडवाड भड्किलो नबनाऔं

■ मोहन कार्की

**काठमाडौं–** नेपाली परामपरागत मौलिक संस्कृतिहरु मौलिकपन भन्दा फरक ढंगवाट सञ्चालन गर्दै भड्किलो बनाउदै लान थालेको देखिन्छ । नेपालीहरुको महान पर्व विजया दशमी चलिरहेको छ । नेपालीहरुले यि पर्वहरु मानव उन्नति, मानव एकता, धार्मिक सहिष्णुता, सदभाव बाड्नको लागि नेपाली परामपरागत मौलिक संस्कृति को रुपमा मनाउदै आएका छन् । तर पछिल्लो समय जानेर हो वा नजानेर नेपाली मौलिक संस्कृतिलाई देखासेखी गर्ने भड्किलो बनाउने जस्ता प्रचलनहरु देखिन थालेका छन् ।

जस्तै ऋण गरेर देखासेखी गर्ने, छरछिमेकमा एक अर्कामा सद भाव बाडेर शुभकामना भाईचारा विस्तार गर्नुपर्ने ठाउँमा उल्टै ईष्या गर्ने, नकरात्मक सोचहरु राख्ने, जुवा तास खेल्ने, खेलाउने, तिनै जुवा तास खेल्ने क्रममा झैझगडा गर्ने, जाड रक्सी सेवन गरेर होहल्ला गर्ने जस्ता प्रबृतिहरु नेपाली समाजमा देखिन थालेका छन् ।

यस्ता रक्सी सेवन गरेर होहल्ला गर्ने, झैझडा गर्ने जुवा तास खेल्ने अरुको ईष्या गर्ने देखासेखी गर्ने नेपाली मौलिक संस्कृतिको मूल्य मान्यता होइन । तर अचेल त्यस्तै तरिकाहरु धेरै देखिन्छ ।



नेपालीहरुले विजयाँ दशमी, शुभ दिपावली, नेपा सम्बत, छठ, लोछार, उद्यौली उभौली लागयत पर्वहरुमा विगतमा एक अर्कालाई मद्दत गरेर सामुहिक समाजको व्यवहार देखाउने गर्दथे । सवैजना समुहमा सदभावका साथ खुशी भएर नेपाली मौलिक संस्कृति मनाएका इतिहासहरु पाइन्छन् । आजपनि त्यस्ता परम्परागत राम्रा इतिहासहरु पछ्याउदै आएका मानिस पनि छन् । तर कतिपय ठाउँमा भड्किलो, खर्चिलो, देखासेखी, एकलवादी सोचहरु राखेर मानिसहरुले नेपाली मौलिक संस्कृतिलाई बदनाम गराउने काम भएको देखिन्छ । यस्ता नकरात्मक चलनहरु हामी नेपालका नेपालीहरुले सुधार गरेर मात्र फाल्न सकिन्छ । समाज नै खुशी बनाउने तरिका भनेको नै सामुहिकतामा एकता हो । त्यो एकता धार्मिक रुपमा नेपालीहरुलाई जोड्नको लागि परम्परागत रुपमा बनाएको एउटा अनुसाशित सस्कार हो । यस्तो महत्पूर्ण पर्वलाई नेपालीहरुले वार्षिक अवसरको रुपमा ग्रहण गरेर सदुपयोग गर्न सक्नुपर्छ ।

# राजनीतिक कनेक्सनका आधारमा रोकिएका फाइल खुल्छन् : गृहमन्त्री

**काठमाडौं–** गृहमन्त्री ओमप्रकाश अर्यालले राजनीतिक कनेक्सनका आधारमा रोकिएका अनुसन्धानका सबै फाइल खोल्ने बताएका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरो (सीआईबी) को अनुगमन गरेपछि पत्रकारहरुलाई प्रतिक्रिया दिँदै मन्त्री अर्यालले सो कुरा बताएका हुन् ।

शान्ति सुरक्षा र सुशासन कायम गर्दै आगामी चुनाव सम्पन्न गर्न पनि राजनीतिक कनेक्सनका फाइल खोल्नुपर्ने उनले बताए । मन्त्री अर्यालले भने, 'पोलिटिकल कनेक्सनका आधारमा जे कुरा रोकिएको थियो, जे कुरा बिथोलिएको थियो । त्यस्तो अब हुँदैन ।'


उनले थपे, 'यो सरकारको म्यान्डेट नै सुशासन हो । सुशासनविना शान्ति सुरक्षा हुन सक्दैन । शान्ति सुरक्षा भएन भने ६ महिनाभित्र इलेक्सन गर्न पनि सकिँदैन ।'



जेनजी युवाको प्रदर्शनको क्रममा गत भदौ २४ गते महाराजगञ्जस्थित सीआईबीको कार्यालयमा पनि क्षति पुगेको थियो । त्यसको अवलोकनपछि उनले अपराध अनुसन्धानको क्रममा रोकिएका फाइलहरु खुल्ने बताए ।

'कतिपय अपराध अनुसन्धानमा, आर्थिक अपराध अनुसन्धान, वित्तीय अपराध अनुसन्धान लगायत भ्रष्टाचारका विषयवस्तुहरुमा जुन खालको अवरोध आइरहेको थियो, त्यो अवरोध अब हामीले फुकाउनुपर्छ भन्ने मेरो अपेक्षा बमोजिमको निर्देशनहरु दिएको छु' उनले भने ।

# माओवादीका सबै नेताहरूको सम्पत्ति सार्वजनिक गर्ने प्रचण्डको घोषणा



**काठमाडौं–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टीका माओवादीका सबै नेताहरूको सम्पत्ति सार्वजनिक गर्ने घोषणा गरेका छन् ।

काठमाडौंको प्रज्ञा भवनमा जारी केन्द्रीय समितिको बैठकमा बोल्दै उनले सम्पत्ति छानबिन आयोग गठन गर्ने बताए । 'सम्पत्ति छानबिन आयोग गठन गरेर सबै नेताको सम्पत्ति सार्वजनिक गरिनेछ' प्रचण्डको भने ।

केन्द्रीय समितिको बैठकमा पार्टीका सबै नेताहरूको एकाघरको सम्पत्ति छानबिन गर्न आयोग गठनको प्रस्ताव नै प्रस्तुत भएको थियो । केन्द्रीय » बाकी ६ पृष्ठमा

## अर्थ मन्त्रालयमा शुक्रबारदेखि डिजिटल टिप्पणी प्रणाली कार्यान्वयन

काठमाडौं- अर्थमन्त्री रामेश्वर खनालले शुक्रबार डिजिटल टिप्पणी सुरू भएको जानकारी गराएका हुन् । डिजिटल टिप्पणी सुरू हुनुको अर्थ मन्त्रालयले गर्ने कामलाई कागजबिहीन गराउन लागेको हो ।

दोस्रो, टिप्पणी उठाएर सम्बन्धित अधिकारीको कोठा-कोठा चाहार्नुपर्ने छैन । डिजिटल सिस्टमबाट नै काम हुनेछ । तेस्रो, प्रक्रिया घटाउनेछ ।कुनै पनि निर्णय वा काम गर्ने टिप्पणी कुन समयमा उठेको » बाकी ६ पृष्ठमा









जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १०,
२०८२ साल असोज १४ गते मंगलबार
30 SEPTEMBER 2025, TUESDAY

**...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की**

## सम्पादकीय

# देशको पक्षमा सोचौ ।

नेपाल यतिवेला राजनीतिक संकटवाट गुज्रीरहेको छ । गएको भदौ २३ गते भएको जेन्जी प्रदर्शनको क्रममा २० सौ जना जेन्जीहरू र अन्य गरेर थुप्रै मानिसहरू हताहती भएको छ । कोही प्रदर्शनको क्रममा कोही गलत उद्देश्य राखेर अरूका धर जलाउन सार्वजनिक सम्पति जलाउन पुगेकाहरू समेत त्यही आगोमा परि मृत्यु भएका छन् । त्यसपछि बनेको अन्तरिम सरकारले केही मात्रमा भएपनि देशको परि स्थिति संगाल्ने कोसिस गरिरहेको छ ।

यतिवेला भदौ २४ गते भएको उदण्ड प्रदर्शनले नेपालका ऐतिहासिक सार्वजनिक सम्पतिहरू नष्ट पारिका छन् । नेपाल प्रहरी अझैपनि लयमा फर्कन सकेको छैन । नेपाली सेनाको केही भरोसा भएपनि अझै परिस्थिति यसै भन्न सक्ने अवस्थामा छैन ।

नयाँ पुस्ताहरूले चाहेको भ्रष्टचार मुक्त समाज र नेपालमा स्थाईत्व सरकारको लागि कार्यकार्य प्रधानमन्त्री युवा पुस्ताको माग देखिन्छ । यतिवेला नेपालीहरूको महान पर्व विजयाँ दशमी सवैको घरघरमा आईपुगेको वेलामा मानिसहरूमा त्यति उत्साह भएको पाईदैन । किनकी दशैको मुखैमा नेपालमा हिंसा भड्किएर झण्डै सयौ मानिसहरूको ज्यान गएको छ । आक्रोशित युवा पुस्ताले पुराना राजनीतिक पार्टीहरूको घर, पार्टी कार्यलयमा आगो लगाएकाछन् भने पुराना राजनीतिक पार्टीका नेता कार्यकर्ताहरूले आफ्नो विरासत फर्काउने आन्दोलन गर्ने कानूनी प्रक्रिया अगाडी बढाउने जस्ता हल्ला बजारमा व्याप्त छन् ।

अर्कोतर्फ जेन्जीहरूले पुराना पार्टी, दललाई पुनः अत्क्रमण ध्वस गर्ने जस्ता अराजक अभिव्याक्ति दिएकाछन् । यो अत्यन्तै दुखःद र चिन्ताको विषय हो ।

नया जेन्जी समुह र पुराना दल यि दुवै अतिवादले नेपालीहरू बीचमा हिंसा भड्काएर नेपाल प्रहरीले नियन्त्रणमा लिन नसक्दा देशका सम्पतिहरू खरानी भए केही समय ढिलो भएको भए नेपाली सेनाले समेत नियन्त्रणमा लिन नसकेको खण्डमा नेपालको अस्तित्व समाप्त हुने थियो । तयसकारण सर्वभौमसत्ता सम्पन्न नेपाल विदेशी शक्तिको क्रिडास्थल बन्ने हो कि भन्ने डर कायमै छ । नेपालीहरूलाई लागेको डर जस्तै भोली विदेशी सेना नेपाली भुमिमा प्रवेश गरयो भने सदाको लागि नेपालको अस्तित्व समाप्त हुन सक्छ । त्यति मात्र भए त हुन्थ्यो नेपालीले कहिल्यै व्याहोर्नु नपरेको अन्याय अत्यचार मानव विरोधी कार्यहरू टुलुटुलु हेरेर बस्नु शिवाय अरू बाकी रहदैन । त्यसैले बिभिन्न पार्टीहरूले गर्ने भनिएको आन्दोलन, प्रदर्शन नगरेर शान्तसँग देशको हितको लागि समयता अपनाई सवैपक्ष जेन्जी पुस्ता जति आक्रोशित हुनुपर्ने थियो । भयो सरकार ढल्यो जेन्जीले नै भनेको सरकार छ । अव फेरी उत्तेजित भएर पुराना दल, पार्टीप्रति जेन्जीले पनि त्यस्ता खालका अभिव्यक्ति नदिने र भिडभाड जम्मा गरेर अरूले भड्काएको भड् काउमा नलागी समाजको विकास देश खरानी भएको त्यसको पुनः निर्माणमा लाग्नुपर्छ ।

प्रचुर विकासमा सहभागी हुनुपर्छ । विगतका राजनीतिक पार्टीहरूले गर्न नसकेका कामा जेन्जीको योजनमा हुनुपर्छ । यता रचनात्मक तर्फ अग्रसर भएर देशको हितमा सबैले सोच्नुपर्छ ।

# वडा दशैं र जेनजीहरुले जित्ने त्यो विन्दु



● रिसव गौतम

महान् चाड वडा दशैं ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक रुपले मात्र होइन् नेपालीहरुको खुशी साटासाट गर्ने साइतका हिसावले पनि महवपुर्ण छ । धनी होस् वा गरिव, जस्तै आयस्तर भएकाहरुले पनि मिठो मसिनो खाने, बर्षभरी अरु समयमा नसकिएको लुगाफाटा लगायत किनमेल गर्ने र घुमघाम गर्ने, मान्यजनबाट टिका आर्शिबाद थाप्ने यस पर्व महत्वका साथ मनाइने गरिन्छ । अझ पछिल्ला बर्षहरुमा त केही नयाँ घरायसी सामान, गाडीघोडा तथा आवश्यकताका वस्तु किन्न पनि दशैं नै कुर्ने चलन चलेको छ । खासगरी यस समयमा नेपालको बजार अत्याधिक चलायमान हुन्छ । फलस्वरुप पनि बजारमा विभिन्न खाले अफरहरु, छुट योजनाहरु, शेल मार्केटहरु, उपभोक्ता सामानहरुको प्रदर्शनीहरु दशैं शेरोफेरो नै हुने गरेको छ । खशि, बाख्रा पालेका ग्रामिण किसानहरुले यही समय आफनो उत्पादनहरु बिक्रि गर्न पाउँछन् । यातायात ब्यवसायीहरुको होस् वा हवाई क्षेत्रका व्यवसायीहरु हुन् यही समयमा मालामाल हुन्छन् ।

सरकारी कर्मचारीहरुले डबल तनखा बुझन् यही दशैं नै आउनु पर्छ । नीजि क्षेत्रका व्यवसायीहरुका ब्यवसायहरुले यही समयमा बजार पाउँछ । त्यसकारण यो दशैंको समय र शेरोफेरो हरेकका लागि गुल्जार छ । तर कठिन परिस्थीतिमा गुज्रिएका, गरिवी र अभावमा पिल्सीएका, शारिरीक अशक्त्तता र चेतनास्तर कमजोर भएकाहरुका लागि दशैंले उतिसारो अर्थ राख्दैन । हिजोआजको दशैंको मुखमा पनि सुदुरपश्चिमा नाकाहरुबाट भारतमा मजदुरी गर्न जानेहरुको भिड लगिरहेको छ ।

नेपालको जस्तो गैरजिम्मेवार शासकहरु भएको देशमा न तिनका ब्यथा कसैले बुझ्छ, न त बुझन् प्रयास गरिन्छ । टाढा जानै पर्दैन, त्यही भारत तथा अरबका देशहरुमा राष्ट्रिय चार्डपर्वमा राज्यकै स्तरमा जनतालाई सुबिधाहरु दिइन्छ । तर नेपालमा आम नेपालीले त्यस्ता सुबिधा पाउने कुरा त परको भयो । राष्ट्रिय तथ्याकं कार्यालयको आँकडा अनुसार २० प्रतिशत गरिवहरुलाई पनि सरकारले केही हेर्न सक्दैन । फगत दशैं सुरु हुनु केही अघि देशका विभिन्न ठाउँमा सहुलियत पसल खोलिन्छ र त्यसमा केही रुपैयाँ सहुलियतमा उपभोक्ता वस्तुहरु विक्रि गरिन्छ । जुन नाम मात्रको सहुलियत जस्तो लाग्दछन् । त्यसकारण यस्ता राष्ट्रिय पर्वहरुलाई सबैको, गरिवदेखि धनीसम्मको उल्लाहसमय बनाउन सरकारले केही राहत ब्याकेज सुरु गर्नैपर्छ । किनकी सरकारले थोरै मात्र पनि गरिवको लागि गर्ने खर्च त्यो घुमिफिरी अर्थतन्त्र चलायमान बनाउने अस्त्र पनि हो । फेरी एउटा सर्वभौम राष्ट्रले आफ्ना हरेक बर्ग र क्षेत्रका जनतालाई लाभाम्वित हुने गरी गर्ने खर्च भनेको प्रत्युपादक हुदैन । जस्तो कि शिक्षा, स्वास्थ्य, पोषण र गरिवका आवश्यकतामा सरकारले गर्ने खर्च न्यायोचित नै हुन्छ । किनकी हाम्रो देशले पनि पुर्वाधारको क्षेत्रमा धेरै गरिसकेको छ । बाटो, घाटो, विजुली र खानेपानी, इर्न्टरनेट जस्ता अत्यावश्यक न्युनतम पुर्वाधारको क्षेत्रमा नेपालमा ठुलो लगानी भइसकेको छ । र, अहिले त्यस क्षेत्रमा प्रगती पनि भइसकेका छन् ।

त्यसकारण सरकारले अबका दिनहरुमा अलिक फरक र नविनतम दृष्टिकोण राख्नसक्नु पर्छ । आम जनताको खुशीका लागि, धनी र गरिवी बीचको आसमानता घटाउनका लागि सरकारले त्यही ढंगले काम गर्नुपर्छ । अब केन्द्रको सिंहदरबार गाउँसम्म पुग्यो भनेर मात्र हुदैन । केन्द्रको गतिलो बजेट दुरदराजका ग्रामिण जनतासम्म पुर्याउने गरी सोच्नुपर्छ । अब काठमाण्डौ र त्यसका वरीपरिका जिल्लाहरु मात्र सुबिधा सम्पन्न भएर हुदैन । हरेक जिल्लाहरुमा ती अवसर, सुविधाहरु पुर्याइनु पर्छ । अन्यथा हालैका केही दिन अघि भएको जेनजीका आन्दोलन जस्ता विद्रोह फेरी पनि उठ्न सक्छन् । भनाइको आशय राज्यले एक्लो विनोद चौधरी बनाउने होइन् ३ करोड विनोद धौधरी बनाउने नीति लिनुपर्छ । त्यो भनेको समानताको नीति हो । धनीलाई पनि अझै धनी हुने वातावरण नखुम्च्याउने तर गरिवलाई अलि बढी प्रोत्साहन दिएर धनी हुनेगरी सहयोग गर्ने सरकारको नीति हुनुपर्छ । अनि मात्र महान चाड दशै तिहारहरुमा आम नेपालीले रौनकपुर्वक मनाउन पाउँछन् । सबैले खर्च गर्नसक्ने वातावरण बन्छ ।

बिडम्बना यहाँ त चप्पल पडकाउँदै राजनीतिमा आएकाहरु अरबौंका मालिक भएका छन् । राजशी जिवन उनीहरुकै छ । आफ्नै बलबुता र मिहिनतमा ब्यापार गर्नेहरुको हात पुरपुरोमा छ । तर सबैभन्दा बढी नाफाको ब्यापार वा पेशा जस्तो राजनीतिलाई बनाइएको छ । उनीहरु शक्ता र शक्तिको नजिक रहेर हरेक कुराहरुमा दलाली र कमिसन खाने, कामै नगरीकम शहरमा बंगला, हार, कार, सुख, सुविधामा रम्ने अनि त्यो देखेका आक्रोसित जनताले नेताका घरमा आगो लगाए भनेर मात्र हुन्छ र ? भन्नुस् त नेताका घरमा आगो लगाउने धरातल कसले खडा गरेको हो ? समाजसेवाको उच्चतम रुप हुनुपर्ने राजनीति किन दुंङदुङती गन्यायो? किन नेता भन्ने वित्तिकै मान्छेहरु नाँक खुम्च्याउँछन् र ठग र भष्ट्रचारीको जामा पहिर्याइहाल्छन् । त्यो सबै चिजको जिम्मेवार उनीहरु नै हुन् । त्यसकारण नैतिकता सहितको राजनीति र सेवा आजको आवश्यकता हो । राज्यले जनताको मनछुने ठाउँमा, आत्मैदेखि महसुस गर्ने ठाउँमा लगानी गर्नुपर्छ । त्यो भनेको यस्तै चाडबाडमा सरकारले नहुनेहरुलाई, गरिव तथा विपन्नहरुलाई मद्धत गर्नु पनि हो । राजमार्गका होटलहरुमा, गाडी भाडाहरुमा ठग्नेहरुलाई तह लगाउनु पर्यो । जनताको दैनिकीलाई सहज बनाउनु पर्यो । अनि न जनताको मन फर्किन्छ ।

जस्तो देशैं हाम्रो यस्तो चाड हो, जुनवेला परदेशिएका धेरै नेपालीहरुको घरफिर्तिको साइत पनि हो । उनीहरुलाई यस्तो बेला कसरी सहजीकरण गर्न सकिन्छ । त्यसमा सरकारले काम गर्न सक्नुपर्छ । रोजगारीका लागि अहिले विश्वका १०० भन्दा बढी मुलुकमा नेपालीहरु पुगिसकेका छन् । त्यसकारण दशैंतिहार घरदेशमा मात्र होइन् परदेशमा पनि मनाइन्छ । अहिले त ६० लाख बढी नेपाली विदेशमा छन् भनिन्छ । त्यो पनि सबैभन्दा बढी लाउँलाउँ र खाँउखाउँ भन्ने सक्रिय उमेरका नेपालीहरु विवशताले डोर्याएर परदेशमै छन् । नेपालमै रोजगारी थियो भने, नेपालमै हरेक आधारभुत कुराहरु ब्यवस्थीत थियो भने उनीहरु किन जान्थे होला र विदेश ?

त्यसकारण नयाँ नागरिक सरकार बनेको छ, सम्माननीय पुर्बप्रधानन्यायधीश शुशिला कार्कीको नेतृत्वमा । उहाँले मन्त्रीमण्डल पनि बनाउँदै हुनुहुन्छ, विभिन्न क्षेत्रमा राज्यलाई केही न केही योगदान दिएका, ख्याती कमाएकाहरुलाई उहाँले समेट्नु भएको देखिन्छ । स्वतन्त्र मान्छेहरु नै राज्नु भएको छ । त्यसलाई नराम्रो भन्न मिल्दैन । तर प्रधानमन्त्रीले बुझनु पर्छ कि यो सरकारको प्रमुख म्यान्डेट भनेको तोकिएकै समयमा चुनाब गराउनु हो । दोश्रो, म्यान्डेट भनेको जेनजीहरुले उठाएको ०४६ सालपछिका प्रमुख भष्ट्राचार काण्डहरुको उच्चस्तरीय छानबीन आयोग बनाएर अविलम्ब त्यसको प्रतिबेदन सार्वजनिक गर्नु हो ।

यदी उनले ३ महिनाभित्रै त्यो काम सम्पन्न गर्न सकिन भने मात्रै जेनजी आन्दोलनको मर्म स्थापित हुन्छ । किनकी छानबीन आयोगले दोषी देखाएका ब्यक्तिहरुले कम्तिमा चुनाब लड्न पाउँदैनन् । फलस्वरुप आगामी निर्वाचनबाट राम्रा र अवसर नपाएका युवाहरु आउने आशा गर्न सकिन्छ । त्यसकारण सेलिब्रेटी मात्रै बटुल्ने होइन । उनीहरुले उत्पात काम गरेर देखाउने समय पनि छैन । दैन्दीन सरकारी कामहरु सम्पादन गर्न धेरै सेलिब्रेटी चाहिँदा पनि चाहिँदैन । सानो मन्त्रीमण्डलको भरमा चुनाबको ब्यापक तयारीमा सरकार जुट्नुपर्छ । त्यो वातावरण बनाउनुपर्छ । र, दशैं, तिहार, छठ, लगायतका चाडबाड मात्र होइन् जनताको दैनिकीलाई कसरी सहजीकरण गर्न सकिन्छ त्यसबारे प्रमले सोच्नुपर्छ ।

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र राष्ट्रिय सहकारी नियमन प्राधिकरणबीच समझदारी



काठमाडौं- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र राष्ट्रिय सहकारी नियमन प्राधिकरण-ल्क्षच्ब्ले सहकारी संस्थाहरू, विशेष गरी बचत तथा ऋण कारोबारमा संलग्न संस्थाहरूको नियमन, अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउने सन्दर्भमा सहकार्य गर्न समझदारी पत्र-:यग्मा हस्ताक्षर गरेका छन् ।

आइक्यानका अध्यक्ष, सिए निलबहादुर सारु मगर र प्राधिकरणका अध्यक्ष, डा. खगराज शर्माले उक्त समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको छ । हस्ताक्षर कार्यक्रममा प्राधिकारणका तर्फबाट सदस्य (सहकारी विज्ञ), डा. रमेश चौलागाई, सदस्य, महेश खनाल र कार्यकारी निर्देशक, डा. शेषनारायण पौडेल उपस्थित हुनुहुन्थ्यो । आइक्यानका तर्फबाट उपाध्यक्ष, सिए आनन्द राज शर्मा वाग्ले, कार्यकारी निर्देशक, सिए विमल डंगोल, प्रशासन निर्देशक, विनोदप्रसाद न्यौपाने, प्राविधिक निर्देशक, सिए किरणकुमार खत्री र उपनिर्देशक, सिए सन्तोष विष्टको सहभागी हुनुहुन्थ्यो । सहकारी ऐन, २०७४ र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अनुरूप सहकारीहरूको नियामकीय र सुपरिवेक्षयकीय संयन्त्रलाई अझ प्रभावकारी बनाउने उद्देश्यले गरिएको हो । यो सहकार्यले प्राधिकरणमा नियामकीय परीक्षण (प्रुडेन्सियल अडिट), नियामक मापदण्डको विकास, अनुगमन र सुपरिवेक्षणको लागि प्राविधिक सहयोग र नेपाली वित्तीय प्रतिवेदन मानक NFRS, NFRS for SMEs, NAS for MEs र अन्य वित्तीय मानकहरु लागू गर्ने लगायतका क्षेत्रहरु समेट्नेछ ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको नियामकीय परीक्षण (प्रुडेन्सियल अडिट) को लागि रोस्टर तयार गर्न प्राधिकरण र आइक्यानबीच समन्वय कायम गर्ने, प्राधिकरणको नियामकीय परीक्षण प्रभावकारी बनाउन विभिन्न मापदण्ड, विनियम, मार्गदर्शन आदि तर्जुमा गर्न संस्थाले सहयोग गर्ने र सहकारी संस्थाहरुको नियमन, अनुगमन र सुपरिवेक्षण गर्ने सम्बन्धमा सहकार्य गर्ने यस समझदारीपत्रका प्रमुख उद्देश्यहरू रहेका छन् ।

सो अवसरमा प्राधिकरणका अध्यक्षले यो सहकार्यले सहकारी क्षेत्रको सुरक्षा गर्ने प्राधिकरणको क्षमतालाई बलियो बनाउने र सदस्य र निक्षेपकर्ताको हितको रक्षा गर्ने कुरामा जोड दिनुभएको छ । उनले अर्थतन्त्रमा वित्तीय स्थिरता कायम राख्न सहकारीको प्रभावकारी नियमन महत्त्वपूर्ण हुने बताउनुभयो ।त्यस्तै, आइक्यानका अध्यक्षले सहकारी क्षेत्रमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न, तथा सहकारी ऐनमा तोकिए बमोजिम नियामकीय परीक्षण (पुडेन्सियल अडिट) गर्न

रोस्टर तयार गर्न सहयोग गर्न, लेखापरीक्षण र वित्तीय प्रतिवेदन मापदण्डहरूमा आफ्नो प्राविधिक विशेषज्ञता योगदान गर्न आइक्यान प्रतिबद्ध रहेको बताउनुभयो । उनले यो साझेदारी नेपालको अर्थतन्त्रमा सुशासन र वित्तीय अनुशासनलाई प्रवर्धन गर्ने आक्यानको भूमिकासँग गाँसिएको पनि उल्लेख गर्नुभयो । यो समझदारीपत्रलाई दुवै संस्थाको निम्ति महत्त्वपूर्ण मानिएको छ । यसले नेपालको वित्तीय प्रणाली र आर्थिक विकासमा सकारात्मक योगदान पुऱ्याउने, सहकारी क्षेत्रमा विद्यमान रहेको अनिमियता कम गर्दै विश्वास बढाउनु र संस्थाका सदस्यहरुको पेशागत व्यवसायको क्षत्र अझै फराकिलो हुने अपेक्षा गरिएको छ ।

# नेपाल लाइफ इन्भेष्टमेन्ट कम्पनीको प्रथम वार्षिक सभा सम्पन्न



काठमाडौं- नेपाल लाइफ इन्भेष्टमेन्ट कम्पनी लि. को प्रथम वार्षिक साधारण सभा कम्पनी सञ्चालक समितिको अध्यक्ष श्री अमित कुमार कयालको अध्यक्षतामा काठमाण्डौमा सम्पन्न भएको छ ।

सभाद्वारा अध्यक्षबाट प्रस्तुत भएको आ.व.२०८१,८२ वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गरिएको छ ।

त्यसै गरी, आ.व.२०८२,८३ को लागि लेखापरीक्षक पि. एल. श्रेष्ठ एण्ड कम्पनीलाई नियुक्त गरिएको छ । अध्यक्ष श्री अमित कुमार कयाललेनेपाल लाइफ इन्भेष्टमेन्ट कम्पनीलाई एक उदाहरणीय कम्पनी बनाउन संरचनात्मक सुधार, संस्थागत सुशासनको पूर्ण पालना, सुदृढ आन्तरिक नियन्त्रण प्रणाली, तालिम एवं अनुसन्धान, बैज्ञानिक लगानी विविधिकरण र विश्वव्यापी लगानीको अभ्यासहरुलाई अवलम्बन गरि कार्य भैरहेको वताउनु भयो

प्रमुख कार्यकारी अधिकृत श्री सुभाष थापाले आ.व. २०८१,८२ को कार्य प्रगति बारे र आ.व. २०८२,८३ को रणनीतिक योजनाहरुको बारे प्रस्तुतीकरण मार्फत सभालाई जानकारी गराउनु भयो ।

सभामा मुख्य कम्पनीका संचालक कमलेश कुमार अग्रवालले प्रथम वार्षिक साधारण सभा समयमा सम्पन्न गर्न सकेकोमा धन्यवाद ज्ञापन गर्दै यो कम्पनी नेपाल लाइफ इन्स्योरेन्सको पूर्ण स्वामित्वको कम्पनी रहेको जहाँ बीमितहरुबाट संकलित रकम लगानी भएकोले सुरक्षित लगानी गरी राम्रो प्रतिफल लिन गम्भिरतापूर्वक कार्य गर्न व्यवस्थापनलाई आग्रह गर्नु भयो ।

मुख्य कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले मूल लगानीको पूर्ण सुरक्षा गर्दै लगानी गर्दा सही समय, सही स्थान र सही प्रतिफल आउने गरी गर्न र मुख्य कम्पनीको ब्राण्ड ख्यातीलाई कम्पनीको विकासमा प्रयोग गर्न व्यवस्थापनलाई सुझाव दिनुभयो ।

सभालेप्रथम वार्षिक सभासम्मका लागि नियुक्त भएका संचालकहरुलाई धन्यवाद ज्ञापन गर्दै मुख्य कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीबाट सिफारिस भई आउनु भएका ४ जना (कमलेश कुमार अग्रवाल, कृष्णराज लामिछाने, प्रवीण रमण पराजुली र अमित कुमार कयाल) लाई संचालक नियुक्तिका लागि अनुमोदन गऱ्यो ।




# एसईई पूरक परीक्षाको नतिजा सार्वजनिक, ८३ हजार बढी उत्तीर्ण

काठमाडौं- एसईई पूरक परीक्षाको नतिजा सार्वजनिक भएको छ । राष्ट्रिय परीक्षा बोर्डले शनिबार प्रकाशित गरेको नतिजाअनुसार ८३ हजार ५६४ परीक्षार्थी उत्तीर्ण भएका छन् ।

यस्तै परीक्षामा सहभागी भएका १ लाख ४३ हजार २५७ परीक्षार्थीमध्ये ५९ हजार ६९३ जना अनुत्तीर्ण अर्थात् अवर्गीकृत भएको बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले जानकारी दिए ।

परीक्षा साउन २९ देखि भदौ ६ गतेसम्म सञ्चालन भएको थियो । गत वैशाखमा सञ्चालित वार्षिक परीक्षामा दुई विषयसम्म 'नन ग्रेडेड'प्राप्त गरेका वा अनुपस्थित भएका विद्यार्थीहरूका लागि बोर्डले पूरक परीक्षाको अवसर दिएको हो ।

## हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी,
दिपावली, नेपाल सम्वत् र छठ पर्व
२०८२ को अवसरमा सम्पुर्ण देश–
विदेशमा रहनु भएका नेपाली दाजुभाई
तथा दिदी बहिनीहरुमा
हार्दिक मंगलमय शुभकामना ।

नेपाल निर्माण व्यवसायी महासंघ
(परिवार)

## हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी,
दिपावली, नेपाल सम्वत् र छठ पर्व
२०८२ को अवसरमा सम्पुर्ण देश–
विदेशमा रहनु भएका नेपाली दाजुभाई
तथा दिदी बहिनीहरुमा
हार्दिक मंगलमय शुभकामना ।



रंगमती शाही
वडा अध्यक्ष
खार्पूनाथ गाउँपालिका, वडा नं. ४, हुम्ला

## रामेछाप डायरी

# रामेछापको कोलन्जोरघाट –साघुटार सडक पूर्वाधार कार्यालयले मर्मत गर्ने



रामेछाप- रामेछापको कोलोन्जोर घाट देखि साँघुटार बजार सम्म १६ किलो मिटर लम्बाई रहेको लिखु करिडोर अर्न्तगतको कोलोन्जोर -साँघुटार सडक मर्मत गरि नियमित सार्वजनिक यातायातका साधन सँचालन योग्य बनाईने भएको छ । रामेछाप जिल्लाका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाको नेतृत्वमा बुधबार सडकको स्थलगत अनुगमनका लागि पुगेको जिल्लाको सरोकारवाला टोलिले गरेको अनुगमन पछि उक्त सडक तत्काल संचालन गर्नका लागि सम्बन्धित कार्यालयलाई तत्काल प्रकृया अगाडि बढाउन सकिने निश्कर्ष सहित काम अगाडि बढाउने निर्देशन दिएको छ ।

वागमति प्रदेश राजमार्गको रुपमा छनौट भएपछि उक्त सडक निर्माणका लागि जिल्ला पूर्वाधार कार्यालय रामेछापले गत बर्षबाट काम अघि बढाएको थियो । जस अर्न्तगत हाल कोलोन्जोर घाटको पक्कि पुल बाट अगाडीसाँढे चार किलो मिटर सडक कालो पत्रे र ढलानको काम भईरहेको पूर्वाधार कार्यालय रामेछापका कार्यालय प्रमुख ज्यानेन्द पुनले जानकारी गराउनु भयो । अनुगमनका क्रममा प्रमुख पुनले हाल भईरहेको सडकको कालो पत्रेको कामको अहिले सम्मको प्रगतिका बारेमा बारेमा पनि टोली समक्ष जानकारी गराउनु भएको थियो ।सो क्रममा निर्माणाधिन आयोजनाको कामको अवस्थाका बारेमा पनि प्रजिअले चासो राख्नु भएको थियो ।

टोलीले कोलन्जोर घाटबाट साँघुटार बजार सम्मसडकको अवस्थाका वारेमा पनि स्थलगत जानकारी लिएको थियो । सो क्रममा साँघुटार खण्डको विच विच विचमा साँघुरा खण्ड,विभिन्न अप्ठेरो साना तीना पहिरा र स्थानियहरुले लगाएको बालि आदीका कारण नियतित रुपमा सार्वजनिक यातायातका साधन सँचालन गर्न समस्या रहेको ठहर गरे पनि साँघुरो सडकको बावजुद पनि तत्काललाई साना गाडि भने चल्न सक्ने ठहर गरेको छ । टोली समक्ष स्थानियहरुले उक्त सडक तत्काल मर्मत गरि सार्वजनिक यातायातका साधन सँचालन गर्न योग्य बनाईदिन पनि टोली सँग आग्रह गरेका थिए ।

भेटका क्रममा साँघुटारका नवराज ढकाल लगायतका अगुवाहरुले उक्त सडकलाई जति सक्दो चाँडो मर्मत गरि साना तथा ठुला यातायातका साधन सँचालन योग्य बनाईदिन पनि आग्रह गर्नु भएको थियो । कोलन्जोर घाटको पुल देखि साँघुटारको वाँकी सडकको कामट्याक खोलेको लामो समय भएको भएपनि स्तरउन्नतिको काम हुन नसक्दा साँघुटर मात्र नभएर ओखलढुँगा र रामेछापको विभिन्न स्थानमा यात्रा गर्ने यात्रीहरुले सालु साँघुटार सडक खण्डको अत्यन्त कष्टकर यात्रा गर्नै बाध्य भएको भन्दै सर्व साधारणले उक्त सडक मर्मतका लागि माग गरेका हुन् ।

सो क्रममा पूर्वाधार कार्यालयका प्रमुख ज्यानेन्द्र पुनले सडक मर्मतका लागि तत्काल प्रदेश मन्त्रालयमा लेखेर पठाउने र दशै पछि मर्मतको कामलाई अगाडि बढाउने गरि प्रकृया अघि बढाउने जानकारी दिनु भएको थियो । उक्त सडक मर्मत गरि पुर्ण रुपमा सँचालनमा आएमा काठमाडौबाट रामेछाप र ओखलढुँगा जिल्ला तर्फ जानै यात्रीका लागि बाटो निकैछोटिने र सालु देउराली सडकमा जति असहजता नब्यहोर्नु पर्ने अवस्था रहेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १०,
२०८२ साल असोज १४ गते मंगलबार
30 SEPTEMBER 2025, TUESDAY

# फोटोन नेपालको दशैं उपहार




**काठमाडौं–** नेपाल - २५ सेप्टेम्बर २०२५ - दशैं नजिकिँदै गर्दा फोटोन नेपालले आफ्ना ग्राहकहरूलाई खुसी बनाउने उद्देश्यले आफ्ना चर्चित मोडेलहरू फोटोन ईभी भ्यान र फोटोन TM१ मा लिमिटेड टाइम स्पेसल अफर ल्याएको छ।

यसले नेपालीहरूको महान चाडको बेलामा गाडी लिन अझ सजिलो, लाभदायक र रमाइलो बनाउनेछ। यो दशैंमा फोटोनले ईभी भ्यान स्किम मार्फत उत्सवलाई अझै विशेष बनाउँदैछ। ईभी भ्यान बुक गर्ने ग्राहकहरूले यामाहा बाइक, ५५" स्मार्ट टिभी, वाशिङ मेसिन र फ्रिज जस्ता आकर्षक उपहार पाउनेछन्। त्यसमा थप, हरेक बुकिङमा स्योरशट ग्याजेट सामसुंग मोबाइल A०७ (६+१२८GB) उपहारको रूपमा दिइनेछ, जसले यो उत्सवमा फोटोन परिवारमा जोडिन अझ सजिलो र फाइदाजनक बनाउने छ।

यो उपहारसँगै यस अफरमा १ वर्षको फुल इन्स्युरेन्स (अटो प्लस) र क्यासलेस इन्सुरेन्स समावेश छन्। फोटोनले ग्राहकहरूको सहजताका लागि थप सुविधा स्वरूप ५ पटकसम्म निस्शुल्क सर्भिसिंग र फ्रन्ट ब्रेक प्याडको सेट पनि निस्शुल्क उपलब्ध हुनेछ र, ग्राहकहरूका लागि अन्तिम बोनस स्वरूप, पूरा आर्थिक वर्षको रोड ट्याक्स पनि कम्पनीले नै व्यहोर्नेछ। फोटोन TM१ दशैं स्किममा पनि आकर्षक अफरहरू छन्। ट१ अब दशैं विशेष मूल्य रु. २६,९९,०००९ रु (६,७५,००० छुटपछि) मा उपलब्ध हुनेछ। साथै, हरेक खरिदकर्ताले स्योरशट बुकिङ उपहार पाउनेछन्।

सुरक्षा र निश्चिन्तताको लागि यस स्किममा १ वर्षको सम्पूर्ण सवारी बीमा र क्यासलेस बीमा निस्शुल्क दिइनेछ। त्यसैगरी, पूरा आर्थिक वर्षको रोड ट्याक्स पनि कम्पनीले नै भर्ने भएकाले यो अफर अझै सजिलो र लाभदायक बनेको छ।

यी अफर मार्फत फोटोन नेपालले केवल गाडी मात्र होइन, भ्याल्यु, केयर र इको-फ्रेन्डली मोबिलिटी पनि उपहार दिनेछ। ईभी भ्यान र TM१ दुवै कम्फर्ट, इफिसियन्सी र रिलायबिलिटीका लागि बनेका गाडीहरू हुन्, जसमा अब दशैं-तिहार बोनस पनि थपिएको छ। फोटोनले सबैलाई नजिकको शोरुममा आउन, आएर यी चाडपर्व विशेष स्किमहरू हेर्न र यस उत्सवलाई नयाँ फोटोन गाडी लिएर अझै रमाइलो बनाउन निमन्त्रणा गर्दछ।

# ग्लोबल आइएमई बैंकको 'गोल बेस्ड सेभिङ्ग' योजना सार्वजनिक




काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडले लक्ष्य निर्धारण गरी लक्ष्य अनुसारको रकम बचत गर्न सक्ने गोल बेस्ड सेभिङ्ग' योजना सार्वजनिक गरेको छ।

यस योजनामा ग्लोबल आइएमई बैंकको मोबाइल बैंकिङ्ग प्रयोगकर्ताहरुले बचत सुरुवात गरी भविष्यमा गर्नुपर्ने आफ्ना योजनाहरुको सजिलैसँग वित्तीय व्यवस्थापन गर्न सक्नेछन्।

यो योजनामा ग्राहकहरुले न्यूनतम् ५० हजार रुपैयाँदेखि अधिकतम् ५ लाख रुपैयाँसम्मको लक्ष्य रकम बचत गर्न सक्नेछन्। यस योजनामा आफ्नो लक्ष्य र उक्त लक्ष्य प्राप्तिको लागि आवश्यक रकम निर्धारण गरी बचतको अवधि न्यूनतम् ६ महिना देखि अधिकतम् २ वर्ष सम्मको लक्ष्य राख्नुपर्ने हुन्छ।

ग्राहकले आफ्नो निर्धारित लक्ष्य प्राप्त गर्न मासिक कति पैसा बचत गर्नुपर्ने हो, कति व्याजदर प्राप्त गर्ने हो र उक्त लक्ष्य कति समयमा पुरा हुन्छ भन्ने जानकारी मोबाइलबाटै प्राप्त गर्न सक्नेछन्।

यस योजनामा मोबाइल बैंकिङ्ग प्रयोगकर्ताहरुले विभिन्न शीर्षकमा समेत बचत सुरुवात गरी भविष्यमा गर्नुपर्ने आफ्ना योजनाहरुको वित्तीय व्यवस्थापन गर्न सक्नेछन्।

मासिक आवश्यक रकम सिधै प्राथमिक बचत खाताबाट राख्ने वा आफैले तोकिएको मितिमा मासिक आवश्यक रकम राख्ने भन्ने विकल्प पनि हुन्छ। साथै ग्राहकले आफुले इच्छाईएको रकम समेत 'गोल बेस्ड सेभिङ्ग' मा टप अप गर्न सक्नेछन्। उक्त योजनामा राउण्डअप सेभिङ्गको सुविधा पनि रहेको छ।

राउण्डअप सेभिङ्ग अन्तर्गत ग्राहकले हरेक मर्चेन्ट क्यूआर भुक्तानी गर्दा कति पैसा उक्त निर्धारित लक्ष्य योजनामा बचत गर्ने भन्ने सुविधा समेत पाउनेछन्।

यस राउण्डअप सेभिङ्गमा नियरेस्ट टु, फ्ल्याट र प्रतिशत गरी तीन फरक विकल्पहरु रहेका छन्। यस राउण्डअप सुविधा ग्राहकले आफनो आवश्यकता अनुरुप सक्रिय तथा निस्क्रिय गर्न सक्नेछन्। साथै विकल्पहरु पनि आवश्यकता अनुरुप परिवर्तन गर्न सक्नेछन्।नियरेस्ट टु छनौट गर्दा कतिको नजिकको रकम छनौट गर्ने भनेर उल्लेख गर्नुपर्ने हुन्छ। उदाहरणको लागि २२४ रुपैयाँ मर्चेन्ट क्यूआरमा भुक्तानी गर्दा २५ मा सेट गरिएको छ भने १ रुपैयाँ निर्धारित लक्ष्य योजनामा बचत हुन्छ र ३० मा सेट गरिएको छ भने ६ रुपैयाँ निर्धारित लक्ष्य योजनामा बचत हुन्छ।

फ्ल्याट रकम विकल्पमा छनौट गर्दा हरेक कारोबारमा कति रकम उक्त निर्धारित लक्ष्य योजनामा बचत गर्ने भन्ने हुन्छ। जस्तै १०० रुपैयाँ फ्ल्याट रकम विकल्पमा छनौट गरिएको छ भने हरेक मर्चेन्ट क्यूआरमा भुक्तानी गर्दा १०० रुपैयाँ उक्त निर्धारित लक्ष्य योजना बचत हुनेछ।

प्रतिशत विकल्प छनौट गर्दा हरेक क्यूआर भुक्तानीको रकममा निर्धारित प्रतिशत रकम उक्त लक्ष्य योजनामा बचत हुनेछ। जस्तै १० प्रतिशत छनौट गरिएको छ भने २०० रुपैयाँको क्यूआर भुक्तानी गर्दा २० रुपैयाँ उक्त लक्ष्य योजनामा बचत हुन्छ।

उक्त निर्धारित लक्ष्य योजनाको बचत रकममा बैंकले उच्चतम् ब्याजदर प्रदान गर्नेछ। यस योजनाअन्तर्गत बचत गर्नको लागि बैंकको मोबाईल बैंकिङ्ग प्रयोगकर्ताले आफ्नो मोबाईल बैंकिङ्ग एप ग्लोबल स्मार्ट प्लसमार्फत् सिधै बचत गर्न सक्नेछन्।

साथै उक्त योजना आवद्ध भएका ग्राहकले निर्धारित समय अगावै यस खाता बन्द गर्नसमेत सक्नुहुनेछ। साथै, यस योजनाको सम्पूर्ण प्रक्रिया आफैले मोबाईल बैंकिङ्गबाट संचालन गर्न सकिनेछ।

आफनो 'गोल बेस्ड सेभिङ्ग' को सम्पूर्ण कारोवारको विवरण ग्राहकले ग्लोबल स्मार्ट प्लस मार्फत् हेर्न सक्ने सुविधा समेत रहेको छ।ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ र २०२५ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गत दुई विधामा नेपालको सर्वश्रेष्ठ बैंक, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५ मा बेष्ट बैंकको रुपमा सम्मानित बैंक हो।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ।

# लक्ष्मी सन्राईज बैंकको अगुवाईमा बैंक तथा वित्तीय संस्थाहरु र दुधकोशी हाइड्रोपावर नेपालबीच सम्झौता

काठमाडौं- लक्ष्मी सन्राईज बैंक लि को अगुवाईमा सहवित्तीयकरणमा सहभागी बैंकहरु र दुधकोशी हाइड्रोपावर नेपाल प्रा.लि.बिच सो कम्पनीले सोलुखुम्बु जिल्लामा अवस्थित दुधकोशी नदीमा निर्माण गर्ने ७० मे.वा. क्षमताको अर्धजलासय दुधकोशी–२ (जलेश्वर) जलविद्युत आयोजनामा लगानी गर्ने सम्झौता सम्पन्न भएको छ।

सो आयोजनाको कुल लागत रु. १५ अर्ब रहेको छ। यो सहकार्यले नेपालको नविकरणीय उर्जा परिदृश्यमा महत्वपुर्ण भूमिका खेल्नेछ। दुधकोशी–२ (जलेश्वर) जलविद्युत आयोजनाले असोज ७, २०७७ मा विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमति लिनुका साथै मंसिर ६, २०७८ मा नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता समेत गरिसकेको छ।




सो कम्पनीको मुख्य प्रवर्द्धकको रुपमा आयु मलुन हाइड्रोपावर लि., कदम केसी, किरण मल्ल, श्रीमती अभिज्ञा मल्ल, विक्रम गौतम, विकास गौतम, अरुण अग्रवाल, नरेन्द्र गुप्ता, डा. हिमाल भट्टराई तथा विभिन्न प्राइभेट इक्विटी भेन्चर क्यापिटल रहेका छन्।

सो परियोजना निमार्णको लागि लक्ष्मी सन्राईज बैंकको नेतृत्वमा सहवित्तीयकरणमा सहभागी बैंकहरुले परियोजना लागतको ७० प्रतिशत लगानी गर्ने प्रतिवद्धता जनाएका छन् भने बाँकी ३० प्रतिशत रकम सो कम्पनीका संस्थापकबाट लगानी हुनेछ। सहवित्तियकरणमा एभरेष्ट बैंक सह-अगुवा बैंक र सानिमा बैंक सदस्य बैंकको रुपमा रहेका छन् भने कूल प्रोजेक्ट फाइनान्स रु. १० अर्ब ५० करोड रहने छ।

सो आयोजना जुलाई २०२९ भित्र निर्माण सम्पन्न भई विद्युत उत्पादन भए पश्चात वार्षिक करिब ४१७ गिगावाट आवर इनर्जी विद्युत राष्ट्रिय प्रसारण लाइनमा जडान हुनुको साथै देशकै ठुलो स्वतन्त्र उर्जा उत्पादकको मध्यको रुपमा रहने छ।

# नेपाल राष्ट्र बैंकको नयाँ एकीकृत

काठमाडौं- कम्तीमा पनि १०० महिलालाई रोजगारी प्रदान गरी निर्यातमूलक उद्योग संचालन गर्ने संस्थालाई न्यूनतम ब्याजदरमा कर्जा प्रदान गरिने भएको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको नयाँ एकीकृत निर्देशनमा न्यूनत्तम २५ प्रतिशत मूल्य अभिवृद्धि गरि कूल उत्पादनको २५ प्रतिशत निर्यात गर्ने उद्योगलाई इजाजत प्राप्त संस्थाले आफ्नो आधारदरमा बढीमा एक प्रतिशत बिन्दु प्रिमियम थप गरी कर्जाको ब्याजदर कायम गर्न सकिने प्रबन्ध गरिएको छ। यस्तै, जेनजी पुस्ताका प्रदर्शनका क्रममा भएका असामान्य परिस्थितिबाट प्रत्यक्ष रूपमा प्रभावित उद्योग, व्यापार, व्यावसायिक प्रतिष्ठान तथा आर्थिक गतिविधिमा कार्यरत कर्मचारीलाई तलब भत्तालगायतका सुविधाका लागि आधार दरमा बढीमा शून्य दशमलव ५० प्रतिशत बिन्दु मात्र प्रिमियम थप गरी कर्जा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ।

त्यस्तो कर्जा एक वर्ष वा संस्था संचालनमा आउन लाग्ने अवधिमध्ये जुन कम हुन्छ, उक्त अवधिसम्मका लागि प्रवाह गर्नुपर्नेछ। यसरी प्रवाह भएको कर्जामा लाग्ने ब्याजदरमा ६ महिनाका लागि दुई प्रतिशत ब्याजदर सरकारबाट अनुदानमा प्राप्त हुनेछ। त्यस्तो कर्जाका लागि रोजगारदाता संस्थाले आगामी पुस मसान्तभित्रमा आवेदन दिनुपर्नेछ।

जेनजी प्रदर्शनबाट प्रत्यक्ष रूपमा प्रभावित उद्योग, व्यवसायिक प्रतिष्ठानमा व्यवसायिक रूपमा प्रयोग भइरहेका सवारी तथा ढुवानीका साधन क्षति भई प्रतिस्थापन गर्न कर्जा प्रदान गर्दा ऋण मूल्य अनुपात ८० प्रतिशत कायम गर्न सकिने व्यवस्था गरिएको केन्द्रीय बैंकको एकीकृत निर्देशनमा उल्लेख छ।

# एनआईसी एशिया बैंकका ग्राहकलाई लन्डन ब्रिज गार्डेन रिसोर्टमा १० प्रतिशत छुट



काठमाडौं- एन आई सी एशिया बैंकका ग्राहक महानुभावहरुलाई नवलपर ासीमा रहेको लन्डन ब्रिज गार्डेन रिसोर्टमा १० प्रतिशत छुट सुविधा उपलब्ध एन आई सी एशिया बैंकका ग्राहक महानुभावहरुलाई नवलपरासीमा रहेको लन्डन ब्रिज गार्डेन रिसोर्टमा विशेष छुट उपलब्ध गराउने सम्बन्धमा रिसोर्ट र बैंकबीच सम्झौता सम्पन्न भएको छ।


यस समझदारीसँगै यस बैंकका ग्राहक महानुभावहरुले बर्दघाट, नवलपरासीमा रहेको उक्त रिसोर्टमा सेवा लिई डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुट प्राप्त गर्न सक्नुहुनेछ।

यस सुविधाको उपयोग गर्न ग्राहक महानुभावहरुले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबैंक ९:यद्यबलप० एप मार्फत भुक्तानी गर्नुपर्ने छ।

उक्त रिसोर्टसँगको यस सहकार्यले ग्राहक महानुभावहरुलाई छुट सुविधा उपलब्ध हुनुको खसाथै, मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ पर्व २०८२ को अवसरमा सम्पुर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना।



दुर्गा अधिकारी (भमरकोटे)
सस्थापक अध्यक्ष
राष्ट्रिय सुसेली फाउण्डेशन तथा समस्त सुसेली परिवार।

# दशैंको बेला चिनियाँ नाकामा कन्टेनर रोकिंदा नेपाली व्यवसायी मारमा



काभ्रेपलाञ्चोक- नेपालीहरूको पर्व दशैंको मुखमा पनि अन्य समयभन्दा कम कन्टेनर चिनियाँ पक्षले छाडेका भन्दै व्यापारीहरूले गुनासो गरेका छन् ।

पहिरोको कारण यो नाका करिब दुई महिनादेखि अवरुद्ध थियो । बल्लतल्ल नाका खुल्दा पनि चिनियाँ पक्षले कम कन्टेनर छाडेपछि दशैंलक्षित सामान ल्याउन समस्या भएको उनीहरूले बताएका छन् ।

दशैंका लागि सामान हालेका व्यवसायीहरूको कन्टेनरहरू चिनियाँ पक्षले पर्याप्त रुपमा नछाड्दा मारमा परेको गोल्डस्टारका सप्लाई हेड संजीव कर्णले जानकारी दिए । दशैंमा बनाएर बेच्नको लागि ल्याइएको ५० करोड बराबरको कच्चा सामान ल्याउन नपाउँदा ३० दिन देखि कारखाना नै नचलेको बताउँछन् ।

गोल्ड स्टारका सप्लाई हेड कर्णले दशैंको लागि लिएर आएको १७ वटा कन्टेनरमध्ये दुईवटा कन्टेनर मात्र नेपाल भित्रिएको जानकारी दिए । दशैंको लागि भनेर गोल्ड स्टार जुत्ताको कच्चा पदार्थ ल्याएको कन्टेनर चिनमै रोकिएपछि ठूलो मारमा परेको जानकारी दिए ।

'पहिरोको मारमा परेर अड्किएको सामान अहिले चिनिया पक्षले रोक्दा दशैंमा माग भए अनुसारको सामान दिन सकिएन । ५० दिन सडक अवरुद्ध भयो । पाँच दिन लगाएर खुल्यो । त्यसपछि सडकमा जम्मा भएको कन्टेनरहरू पास गराउने काम भयो । तर हाम्रो सामान लिएर आउने पहल भएन', कर्णले भने, 'दशैं त बिग्रियो बिग्रियो, तिहार सम्ममा जुत्ता बनाउन सकियो भने अलिकति भर्थेक हुन्थ्यो कि भन्ने हो तर सरकारको पहल शून्य भो । संरचनाहरू भए पनि तातोपानी भन्सारको कोर्डिनेसन नपुगेको जस्तो देखिएको बताउँदै उनले तातोपानी भन्सारले नसके चोभार सुख्खा बंदरगाहबाट काम गर्न सकिने बताए । 'मेरो त कच्चा सामग्री मात्रै हो । तर रेडिमेड तयार भएर आएका कपडा जुत्ता लगायत लत्ता कपडा त्यही रोकिँदा व्यापारीहरुलाई बढी समस्या भएको छ । स्याउ, सुन्तला र आँपमा मात्रै ध्यान दिइएको छ । कतिखेर पानी पर्छ र फेरि रोकिन्छ', उनले भने ।

नेपाली भूभागमा भएको सामानको कुनै समस्या नभए पनि चिनियाँ भूभागमा भएको कन्टेनर नेपाल प्रवेश नहुँदा समस्या भएको ट्रान्स शिल्क टर्मिनलका निर्देशक अनिरुद्र थापाले बताए ।

थापाका अनुसार अन्य दिनको तुलनामा कन्टेनरहरूको अनुपात कम भएको जानकारी दिए । 'अहिले सिजनल समय हो । यो दशैंको बेलामा रेडिमेड कपडा र फलफुलको माग छ । ५० दिन पहिरोले रोकियो । बल्ल खुलेको बेला रोकिएका जति सबै कन्टेनरहरु आउने अपेक्षा थियो । तर के कारणले रोकियो थाहा भएन', थापाले भने, 'एभरेजमा दैनिक ४० वटा कन्टेनर आउनुपर्नेमा अहिले मुस्किलले ७-८ कन्टेनरहरू मात्र आइरहेका छन् ।' अरू बेलाको तुलनामा बिहीबार चीनबाट कम कन्टेनर आएको तातोपानी भन्सार सिन्धुपाल्चोकका सूचना अधिकारी रमेश शाहले बताए । चिनियाँ पक्षले खासमा निर्माण गर्न लागेको निर्माणका क्रममा ट्राफिक समस्या भयो भन्दै दशैं लक्षित सामग्रीहरू खासामै अड्किएको उनको भनाइ छ ।

यसबारेमा चिनियाँ पक्षसँग कुरा भइरहेको पनि उनले जानकारी दिए । चिनको खासाबाटै ट्रकहरु कम आएको छ, खासामा निर्माण भइरहेको छ, उनीहरुले निर्माण र ट्राफिकलाई देखाएर कन्टेनरहरु रोकेका छन् । हामी पारी नै गएर हेर्‍यौं, हामीले दशैं अगाडि नै सामान पुगेन भने व्यवसायीहरू डुब्छन् भनेका छौं उहाँहरुले ट्राफिकलाई दोष दिएर कन्टेनर रोक्नुभएको छ । सायद शनिबारबाट कन्टेनर छाड्छन कि ।"

## विघटित प्रतिनिधि सभाका १६ जना पदाधिकारीले फिर्ता गरे गाडी

काठमाडौं- विघटित प्रतिनिधि सभाका १६ जना पदाधिकारीले सुविधा वापत्त लिएको गाडी फिर्ता गरेका छन् ।

संसद् सचिवालयको सवारी शाखा प्रमुख प्रदीप नेपालका अनुसार १२ वटा विषयगत समितिका सभापति र चार जना प्रमुख सचेतक र सचेतकले गाडी फिर्ता गरेका छन् ।

प्रतिनिधि सभा अन्तर्गत १० वटा विषगत समिति रहेका छन् । संयुक्त दुई वटा समितिको सभापतिमा समेत प्रतिनिधि सभा सदस्य नै थिए । उनीहरू सबैले सुविधा वापत्त लिएको गाडी फिर्ता गरेका हुन् ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक र सचेतकले समेत गाडी फिर्ता गरेका छन् । कांग्रेसका प्रमुख सचेतक र सचेतकको गाडी भने जलेको छ ।

गत भदौ २४ गते सिंहदरवारमा आगलागी हुँदा कांग्रेस र एमालेको संसदीय दलको कार्यालय समेत जलेको थियो । त्यसबेला कांग्रेसका प्रमुख सचेतक र सचेतकको गाडी सचिवालय परिसरमै थियो ।

सरकारले मितव्ययिता अपनाउने भनेर पूर्व राजनीतिक पदाधिकारीहरूको समेत गाडी फिर्ता गराउने भनेको छ । त्यसअनुसार संसद सचिवालयले समेत पूर्वसभामुख, राष्ट्रिय सभाका पूर्वअध्यक्ष लगायतको गाडी फिर्ताका लागि पहल लिँदैछ ।


## हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ पर्व २०८२ को अवसरमा सम्पुर्ण देश–विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



अर्जुन बहादुर शाही
नगर कार्य समिति सभापति
नेपाली काङ्ग्रेस, आठविस दैलेख

## हार्दिक शुभकामना


नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ पर्व २०८२ को अवसरमा सम्पुर्ण देश–विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



लालु प्रसाद आचार्य
नेकपा एमाले वडा कमिटि अध्यक्ष
आठबिस नगरपालिका, दैलेख


## खेलकुद

# सिरिजंगा गोलडकप मंसिर २३ देखि




ताप्लेजुङ- जिल्लाबाट सञ्चालित दोस्रो ठूलो प्रतियोगिताको रुपमा रहेको सिरिजङ्गा गोल्डकपको पाँचौं संस्करण मंसिर २३ देखि हुने भएको छ ।

सदरमुकाम फुङलिङदेखि तीन घण्टाको दूरीमा रहेको सिरिजङगा गाउँपालिकाको केन्द्र तेल्लोकमा यो प्रतियोगिता हुँदै आएको छ ।

आयोजक तेल्लोक स्पोर्टिङ क्लबका अध्यक्ष अर्जुन भट्टराईका अनुसार २३ गते सुरु गरेर २९ गते समापन गर्ने गरीको तयारी रहेको छ । यसमा भारत र नेपालका नाम चलेका क्लबलाई निमन्त्रणा गर्ने तयारी आयोजकको छ ।


राष्ट्रिय र अन्तराष्ट्रिय सहित ८ टिमको सहभागिता रहने आयोजकले बताएका छन् । किराँत लिम्बू लिपिका प्रचारक, सिरिजङ्गा लिपि र याक्थुङ संस्कृतिका प्रणेता सिरिजङ्गासिंह थेबेको जन्म जयन्तीको अवसर पारेर 'सिरिजङ्गा मेला' तथा सिरिजङ्गा गोल्डकप हार्दै आएको छ । गतवर्षको प्रतियोगिताको फायल फोटो पनि छ ।

# केनको कीर्तिमान गोलमा बायर्न विजयी



काठमाडौं – ह्यारी केनको दुई गोलको मदतले बायर्न म्युनिकले शुक्रबार राति जर्मन बुंडेसलिगामा वेडर ब्रेमनलाई ४-० ले पराजित गरेको छ र यससँगै उसको शतप्रतिशत सुरुआत कायम रह्यो ।

बायर्नको पाँच खेलबाट १५ अंक भएको छ । केनले ४५ र ६५ औं मिनेटमा गोल गरे । यससँगै बायर्नका लागि उनको गोल संख्या सय पुगेको छ । उनले यसका लागि १ सय ४ खेल मात्र खेलेका छन् । युरोपका प्रमुख पाँच लिगमध्ये केन सबैभन्दा कम खेलेर सय गोल गर्ने कीर्तिमानी खेलाडी बनेका छन् । यसअघि क्रिस्टियानो रोनाल्डो र इर्लिङ हालान्डले १ सय ५ खेल खेलेर सय गोल गरेका थिए । यसपल्टको बुंडेसलिगामा केनले लिगका प्रत्येक खेलमा औसत दुई गोल गरिरहेका छन् ।

# तिन करोडभन्दा बढीको घरजग्गा कारोबार गर्न अब इजाजत अनिवार्य

काठमाडौं- सरकारले अब तीन करोडभन्दा बढीको घरजग्गा कारोबार गर्दा इजाजत पत्र चाहिने व्यवस्था गरेको छ । नेपालका सबै ६ महानगरपालिका र ११ उपमहानगरपालिका क्षेत्रमा एक पटकमा तीन करोडभन्दा बढीको घरजग्गा कारोबार गर्दा इजाजत पत्र लिने व्यवस्था सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने मन्त्रिपरीषदको बैठकले निर्णय गरेको हो ।



भदौ पहिलो साता राजपत्रमा प्रकाशित मालपोत नियमावली (आठौं संशोधन) ले भने अनुमति पत्र नलिई घरजग्गा कारोबार गरेमा २५ लाख जरिवाना र ६ महिना कैद सजाय हुने व्यवस्था गरेको थियो । सो नियमावलीले यसरी इजाजत लिदा एकपटकमा पाँच करोड रूपैयाँसम्म कारोबार गर्नेलाई पाँच लाख रूपैयाँ नविकरण दस्तुर र एकपटकमा पाँच करोड रूपैयाँ भन्दा घटी वा बढी जतिसुकै रकमको कारोबार गर्नेलाई दश लाख रूपैयाँ दस्तुर तोकिएको छ ।

**अर्थ मन्त्रालय...**

हो, सदर कहिले भएको हो, सबै प्रणालीमा बस्नेछ । पहिलेदेखि नै अर्थ मन्त्रालयमा डिजिटल टिप्पणी तथा डिजिटल हस्ताक्षर प्रयोग गरेर काम गर्ने भनिए पनि कार्यान्वयन हुन ढिलाइ भएको थियो ।

अर्थमन्त्री रामेश्वर खनालले तत्काल यो प्रणाली लागू गर्न भनेपछि शुक्रबारबाट सुरू गरिएको हो ।

माओवादीका...

समितिको सातौं पूर्ण बैठकमा प्रस्तुत प्रस्तावहरूमाथि सुदूरपश्चिम प्रदेशका प्रतिनिधि समूहको निष्कर्ष प्रस्तुत गर्दै यस्तो प्रस्ताव राखेका थिए ।

सुदूरपश्चिम प्रदेशका प्रतिनिधि समूहका तर्फबाट हरि ज्ञवाली अखण्डले निष्कर्षहरू प्रस्तुत गरेका थिए । जसमा एउटा बुँदामा माओवादी नेताहरूको एकाघरको सम्पत्ति छानबिन गर्न आयोग गठनको प्रस्ताव रहेको छ । जसमा भनिएको छ, 'पार्टीका सबै नेताहरुको एकाघरको सम्पत्ति तथा पार्टीका सम्पत्ति छानबिनका लागि पूर्व महालेखा परीक्षक या स्वतन्त्र व्यक्तिहरुको सहभागितामा सम्पत्ति छानबिन कार्यविधि तयार गरी आयोग गठन गर्ने ।'

जवाफमा प्रचण्डले माओवादीका सबै नेताहरूको सम्पत्ति सार्वजनिक गर्ने घोषणा गरेका हुन् ।

## अन्तराष्ट्रिय

# भारतमा वाङ्चुक पक्राउ

काठमाडौं- भारतको लद्दाखमा छुट्टै राज्यको माग गर्दै आन्दोलन अभियन्ता सोनम वाङ्चुक पक्राउ परेका छन् । भारतीय प्रशासनले राष्ट्रिय सुरक्षा ऐन (एनएसए) अन्तर्गत वाङ्चुकलाई पक्राउ गरिएको जनाएको छ ।

लद्दाखलाई भारतीय संविधानको छैटौं अनुसूचीमा समावेश गर्नुपर्ने र पूर्ण राज्यको हैसियत दिनुपर्ने माग गर्दै अनशनमा बसेका वाङ्चुकले बिहीबार अनशन तोडेका थिए ।

बिहीबार अनशनरत दुई जना अभियन्ताका स्वास्थ्य अवस्था बिग्रिएपछि अस्पताल भर्ना गरिएको थियो । अनशनरत अभियन्तालाई अस्पताल भर्ना गर्नुपर्ने स्थिति आएपछि आक्रोशित युवाहरू बुधबार आम हड्ताल आह्वान गरेका थिए ।

आम हड्तालका क्रममा प्रदर्शन उग्र भएपछि प्रदर्शनकारीले लेह लद्दाखमा रहेको सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) को आगजनी गरेका थिए । त्यसपछि भाजपा र सरकारले प्रदर्शन भड्किनुमा भारतीय कंग्रेस र अभियन्ता वाङ्चुकको भूमिका रहेको आरोप लगाएको थियो । विशेषतः वाङ्चुकले भड्काउ अभिव्यक्ति दिएको सरकार पक्षको आरोप छ ।

शुक्रबार पक्राउ परेका वाङ्चुकलाई लामो समयसम्म हिरासतमा राख्न सक्ने विश्लेषण भइरहेको छ । वाङ्चुकलाई पक्राउ गर्न र लगाइएको आरोपका आधारमा उनले जमानतको अपील समेत गर्न पाउने छैनन् ।

भारतीय सञ्चार माध्यम एनटीभीले सरकारी स्रोतलाई उद्धृत गर्दै उल्लेख गरेअनुसार वाङ्चुकलाई शुक्रबार राति नै वा शनिबार बिहान लद्दाखबाट बाहिर लगिने तयारी छ ।

वाङ्चुकले एक दिनअघि मात्रै आफू 'यस मुद्दाका लागि कहिले पनि पक्राउ पर्न तयार' रहेको बताएका थिए । अभियन्ता वाङ्चुकलाई पक्राउ गरेसँगै भारत सरकारले 'गलत सूचना' फैलिन नदिन भन्दै लद्दाखमा इन्टरनेट सेवा बन्द गराएको छ ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ पर्व २०८२ को अवसरमा सम्पूर्ण देश–विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

श्रीनन्द शर्मा
प्रध्यानाध्यापक
गणेश मा.वि, रोल, दैलेख

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ पर्व २०८२ को अवसरमा सम्पूर्ण देश–विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

शेर बहादुर सिजापति
वडा अध्यक्ष
आठबिस नगरपालिका-९, दैलेख

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ पर्व २०८२ को अवसरमा सम्पूर्ण देश–विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

कल्पना कुमारी थापा चन्द
उप-प्रमुख
आठबिस नगरपालिका, दैलेख

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ पर्व २०८२ को अवसरमा सम्पूर्ण देश–विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

नवराज शर्मा
वडा अध्यक्ष
आठबिस नगरपालिका-६, रोल, दैलेख

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ पर्व २०८२ को अवसरमा सम्पूर्ण देश–विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

भरत प्रसाद रिजाल
नगर प्रमुख
दुल्लु नगरपालिका, दैलेख

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ पर्व २०८२ को अवसरमा सम्पूर्ण देश–विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

चक्र बहादुर शाही
प्रध्यानाध्यापक
कालिका मा.वि, सिहाँसैन, दैलेख

हार्दिक शुभकामना

नेपालीहरूको महान् चाड
बडा दशैं, शुभ दीपावली तथा छठ पर्व २०८२ को
पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका
सम्पूर्ण आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा
सुख, शान्ति, समृद्धि, दिर्घायु एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

धनलाल थापामगर
अध्यक्ष
नेपाल मगर संघ दारोम्बा शैलुङ काठमाडौ सम्पर्क मञ्च

चाडपर्व प्रति सम्मान गरौं ।

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- सभ्य, शिष्ट र मर्यादित रूपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरूलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



# 'हर्ष'को 'सिट्ठी मार' गीतमा निर्देशक आफैंको प्रस्तुति



काठमाडौं- आगामी मंसिर १२ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'हर्ष'को दशैंलाई लक्षित गर्दै पहिलो गीत 'सिट्ठी मार' सार्वजनिक गरिएको छ । डान्सिङ शैलीको गीतमा एलिस कार्कीको संगीत तथा पवित्रा घिमिरेको शब्द रचना रहेको छ भने प्रताप दास र सदीक्षा कट्टेलको स्वर सुन्न सकिन्छ । गीतमा हर्ष, उमङ्ग, खुसी र उत्साहको भाव मिश्रित छ ।

सुनिल क्षेत्रीको कोरियोग्राफी रहेको गीतको भिडियोमा उनी आफैं नृत्य गर्दै देखिएका छन् भने उनलाई फिल्मकी निर्देशक एकता पौडेलले साथ दिएकी छन् । विवाह, दही-चिउरा र होलीको माहोलमा तयार पारिएको गीतको भिडियोमा फिल्मका कलाकारहरु वर्षा राउत, खगेन्द्र लामिछाने, सन्तोष पन्त, विशाल पहारी, शर्मिला मल्ल, माओत्से गुरुङ लगायतलाई पनि देख्न सकिन्छ ।

स्वर्गीय निर्देशक शिव रेग्मीकी भान्जी रहेकी एकताले यही फिल्मबाट निर्देशनमा डेब्यु गरेकी हुन् । यसमा उनी स्वयंको लेखन रहेको छ । विकाश पौडेल निर्माता र हिक्मत चोखाल कार्यकारी निर्माता रहेको फिल्ममा निमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेनु प्रधान, सुवर्ण थापा, श्रृष्टि महर्जन, श्रीजना नापित लगायतको पनि अभिनय छ । अष्टलक्ष्मी प्रोडक्सन्स् र ई-प्राईम मुभिजको ब्यानरमा बनेको यो फिल्ममा समीर र हिमाल, वसन्त सापकोटा तथा एलिस कार्कीको संगीत, लोकेश बज्राचार्यको सम्पादन, सुनिल क्षेत्री र निर्देशक पौडेलको कोरियोग्राफी तथा कोविद बज्रको ब्याकग्राउन्ड स्कोर रहेको छ । पारिवारिक कथावस्तुमा आधारित 'हर्ष'मा स्वं. शिव रेग्मीले लेखेको गीत पनि समावेश गरिएको छ ।

# दसैं गीत "हाँस्दै गाउँदै रमाउँला आगनमा" सार्वजनिक



काठमाडौं- दसैंको आगमनसँगै नयाँ दसैं गीत हाँस्दै गाउँदै रमाउँला आँगनमा सार्वजनिक भएको छ । यस गीतमा राम शर्माको शब्द, सुफिक्स मदनको संगीत र एरेन्ज रहेको छ । सुफिक्स मदन र कोपिला तामाङ वाइबाले यस गीतमा स्वर दिएका छन् ।

गीतको भिडिओमा विक्रम बुढाथोकी, एलिना रायमाझी र मनिष स्वारको अभिनय । उमेश कार्कीको निर्देशनमा बनेको यो भिडिओलाई सञ्चारकर्मी लक्ष्मण शर्माले निर्माण गरेका हुन् । सन्तोष तिमल्सिनाले छायांकन गरेको यस भिडिओको सम्पादन रोशन धितालले गरेका छन् । यो दसैं गीत आरएल क्रियसन नामक युट्युब च्यानलमा सार्वजनिक गरिएको छ ।

# सलमानको पिता बन्ने इच्छा

काठमाडौं- ९० को दशकका दुई चर्चित अभिनेत्री ट्विंकल खन्ना र काजोलको संयुक्त टक शो 'टू मच'को पहिलो एपिसोड प्राइम भिडियोमा सार्वजनिक भइसकेको छ । उक्त एपिसोडमा बलिउडका दुई सुपरस्टार आमिर खान र सलमान खान अतिथिको रूपमा उपस्थित भएका थिए । शोमा दुवैले आफ्नो करिअर, नीजि जीवन र आपसी मित्रताको बारेमा खुलेर कुरा गरेका छन् ।



आमिरले सलमानसँग सुरूमा राम्रो बोन्डिङ नभएको खुलासा गर्दै भनेका छन्, 'मलाई त्यसबेला लाग्थ्यो कि सलमान समयमा आउँदैनन् । 'अन्दाज अपना अपना'को छायांकनमा हामीलाई निकै समस्या हुन्थ्यो । त्यसबेला सलमान निकै जजमेन्टल थियो । म पनि हार्ड स्वभावको थिएँ । रीना दत्तसँग डिभोर्सपछि एक डिनरको क्रममा म र सलमान राम्रोसँग कनेक्ट भएका थियौं ।'

उक्त शोमा सलमानले पनि आफ्ना विगतका सम्बन्धहरू र त्यसको अन्त्य कसरी भयो भन्ने बारेमा कुरा गरेका छन् । उनी भन्छन्, 'जब एउटा पार्टनर अर्कोले भन्दा धेरै प्रगति गर्छ, त्यतिबेला मतभेदहरू देखा पर्न थाल्छन् । त्यतिबेला असुरक्षा हुन थाल्छ । दुवैले एकसाथ प्रगति गर्नुपर्छ । दुवै एकअर्काको पीठबाट हट्नुपर्छ । म त्यही विश्वास गर्छु ।' ५९ वर्षका अविवाहित सलमानले पिता बन्ने इच्छा पनि व्यक्त गरेका छन् । 'बच्चा एक दिन अवश्य हुनेछ, चाँडै हुनेछ । समय आउन दिनुस् । बच्चा विस्तारै नै हुने हो,' उनले भने । केही वर्षअघि उनले एक अन्तर्वार्तामा आफूलाई बच्चाको सौख रहेको तर श्रीमतीको चाहना नभएको बताएका थिए । उनी सरोगेसीको माध्यमबाट पिता बन्ने सोचमा रहेको बताइन्छ ।

# 'माइतीघर' सबैले हेर्न मिल्ने, दर्शक निराश नहुने निर्माताको दाबी

काठमाडौं- दशैंको फूलपातीबाट प्रदर्शनमा आउन लागेको फिल्म 'माइतीघर' सबै उमेर समूहका दर्शकले हेर्न पाउने भएका छन् । केन्द्रीय चलचित्र जाँच समितिले 'सबैका लागि' भन्दै फिल्मलाई 'यूनिभर्सल' सर्टिफिकेट दिएको छ । बुधबार साँझ फिल्मको सेन्सर गरिएको थियो । हलमा पारिवारिक दर्शकको अपेक्षा गरेको फिल्मको टिमलाई उक्त सर्टिफिकेटले ठूलो राहत दिएको छ ।

फिल्म हेरेपछि सेन्सरका पदाधिकारीहरूले कथावस्तु, प्रस्तुति र कलाकारको अभिनयको खुलेर प्रशंसा गरेको निर्माता रोहित अधिकारीले बताए । उनले भने, 'सेन्सरमा मिलेको प्रतिक्रियाले हाम्रो आत्मविश्वास थप बढेको छ । एउटा उत्कृष्ट पारिवारिक फिल्म बनेको भन्दै सबैले तारिफ गर्नुभयो ।' उनी पनि



दर्शकहरू फिल्मबाट निराश नहुने दाबी गर्छन् । 'माइतीघर'को देशभरका हलमा बुकिङ खुलिसकेको छ । फिल्मले देशव्यापी १२० बढी शो पाएको छ । केही हलले बिहान ५:३० बजेदेखि मध्यरातको ११:५५ बजेसम्म शो दिएका छन् । अनलाइनमार्फत फिल्मको टिकट खरिद गर्ने दर्शक पनि बढिरहेका देखिन्छन् । फूलपातीदेखि ६ दिन दशैंको विदा रहेकाले फिल्मले सुखद व्यापार गर्ने अपेक्षा गरिएको छ । मिलन तामाङको निर्देशनमा बनेको 'माइतीघर'मा केदार घिमिरे (माग्ने बुढा), धीरज मगर, प्रकाश सपूत, उपासना सिंह ठकुरी, श्यामाश्री शेर्पा, युवराज लामा, वुद्दि तामाङ, शिशिर वाङ्देल लगायतको अभिनय रहेको छ । 'प्रेमगीत २'का निर्देशक रामशरण पाठकको लेखन रहेको यो फिल्मको शीर्ष गीत यतिबेला चर्चामा छ । उक्त गीतमा १ लाखभन्दा बढी टिकटक बनेका छन् ।

# 'हरिबहादुरको जुत्ता'को 'सुन्तलीमाई' गीतमा आर्यन र वर्षा



काठमाडौं- यही दशैंको फूलपातीबाट प्रदर्शन हुन लागेको फिल्म 'हरिबहादुरको जुत्ता'को नयाँ गीत 'सुन्तलीमाई' सार्वजनिक गरिएको छ । समीक्षा अधिकारी र मोहितवंश आचार्यको स्वरमा रहेको यस गीतमा दिनेश थपलिया (पूर्व प्रमुख निर्वाचन आयुक्त)को शब्द रचना, वसन्त सापकोटाको संगीत, कुशल सिंहको एरेन्ज र श्याम श्वेत रसाइलीको मिक्सिङ्ग तथा मास्टरिङ्ग छ ।

विक्रम स्वारको कोरियोग्राफी रहेको गीतको भिडियोमा अभिनेता आर्यन सिग्देल र अभिनेत्री वर्षा राउतले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । गीतमार्फत उनीहरूले एकअर्काको रूप, गुण र स्वभावको प्रशंसा गर्दै प्रेमका भावना पोखेका छन् । भिडियोमा फिल्मका मुख्य कलाकारहरू प्रकाश सपूत, दिव्य देव, हरिहर शर्मा, दिनेश काफ्ले लगायतलाई पनि देख्न सकिन्छ ।

दीपेन्द्र के. खनालको निर्देशनमा बनेको यो फिल्ममा हरिवंश आचार्य, स्वस्तिमा खड्का, प्रियंका कार्की, किरण केसी, राजाराम पौडेल, सीता न्यौपाने लगायतको पनि अभिनय रहेको छ । फिल्ममा हरिवंशले आफ्नो चर्चित पात्र हरिबहादुरको भूमिका निभाएका छन् । फिल्ममा उक्त पात्रको भावनात्मक पाटोलाई प्रस्तुत गरिएको निर्माण पक्षले जनाएको छ ।

सरोज ओली र मोहितवंश आचार्यले निर्माण गरेको फिल्ममा कृष्ण बहादुर थापाको छायांकन, नहकुल खड्काको सम्पादन, वसन्त सापकोटा, दीपक शर्मा र प्रकाश सपूतको संगीत रहेको छ । फिल्मको यसअघि सार्वजनिक गीत 'बेला बितेसी' दर्शकमाझ लोकप्रिय बनिसकेको छ, जसले युट्युबमा ४१ लाखभन्दा बढी भ्यूज प्राप्त गरेको छ ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ पर्व २०८२ को अवसरमा सम्पुर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

बजिरसिंह वि.क
वडा अध्यक्ष
आठबिस नगरपालिका-५, दैलेख

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ पर्व २०८२ को अवसरमा सम्पुर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

दिपेन्द्र पुरी
वडा अध्यक्ष
१० नं. वडा कार्यालय,
दुल्लु नगरपालिका, दैलेख

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १०,
२०८२ साल असोज १४ गते मंगलबार
30 SEPTEMBER 2025, TUESDAY

# टाटा मोटर्सको आधिकारिक बिक्रेता सिप्रदीको चुस्त व्यवस्थापन




■ **मोहन कार्की**

नेपालमा टाटा मोटर्सको नाम लिने वित्तिक्कै सिप्रदी टेड्रिङ प्रा.लि.को नाम प्रतिष्ठाको रुपमा आईहाल्छ। सन् १९६१ मा भारतमा स्थापना भएको टाटा मोटर्सले शूरुका दिनमा भारतमा मोटर गाडी उत्पादन गरी बिक्री बितरण गर्दै आएको थियो। छिमेकी राष्ट्र नेपालमा यसको प्रभाव नपर्ने कुरै भएन। सन् १९८२ मा सिप्रदी ट्रेड्रिङको स्थापना भयो स्थापना भएदेखिनै नेपालमा आधिकारिक बिक्रेताको रुपमा टाटा मोटर्स इन्डियाका उत्पादन बिक्रीको लागि सिप्रदीले व्यवस्थापन गरी नेपाली ग्राहकको विश्वास जित्ने काम गरेको थियो।

टाटा मोटर्सले विश्वव्यापी रूपमा ग्राहको आवश्यकता अनुसार सावारी साधन उत्पादन गरेर बजार विस्तार गर्दै लगिराखेको थियो। त्यसमा सवल तरिकाले नेपाली ग्रहकको आवश्यकताको खोज, अनुसन्धान गरी टाटा कम्पनीलाई नेपाली आवश्यकताको सुझाव पठाउने काम सिप्रदीले गर्दै आएको थियो र आजसम्म निरन्तर रुपमा ग्राहक र कम्पनीको बीचमा पुलको रुपमा काम गर्दै आएको छ।

विशाल रुपमा विस्वब्यापी बजार विस्तार गरेको टाटा मोटर्स कम्पनीले बेलायत, इटाली, भारत, नेपालमा र दक्षिण कोरियामा रणनीतिक रूपमा ग्रहकलाई आकर्षित गर्न सफल भएको छ।

**नेपालमा टाटाको अवस्था**

नेपालमा टाटाका ट्रक, बस, ट्रिपर पछिल्लो समय कारहरु टियागो, नेक्शन प्राईभेट र सरकारी कार्यलयमा प्रयोग भएका छन् भने सार्वजनिक सवारीकोरुपमा प्रयोगमा आएको ट्याक्सी एक्सप्रेस टि लगायत व्यवसायिक गाडीलाई नेपालमा अत्याधिक बिक्री गर्न सफल सिप्रदीको व्यवस्थापन चुस्त रहेको देखिन्छ। नेपालमा टाटाका सवारी साधन सर्वसाधरण देखि लिएर धनाढ्याले प्रयोग गर्ने लक्जरीयस सवारी साधन मन पराउनुको मुख्य कारण नै टाटाका गाडी बलिया, तेल कम खपत गर्ने, समस्या कम आउने र सजिला हुन्छन् भन्ने विश्वासको वातावरण नेपालभित्र सिप्रदीले ग्रहकसँगको सम्बन्ध गहिरो राखि ग्राहकहरुले दिएको सुझावलाई नै कम्पनीसँग प्रस्ताव राखेर ग्रहकले भनेकै जस्तो सवारी साधन नेपालमा झिकाई बिक्री गरेर ग्रहकको विश्वास जितेको कारण नेपालमा टाटाका उत्पादन न. वान १ मान्न सकिन्छ।

पछिल्लो समय सिप्रदी ट्रेडिङले बिक्री गर्ने म्याक नेपालकै धेरै बिक्ने लुब्रिकेन्ट हो। इक्जिड ब्याट्रीको पनि सबैभन्दा ठूलो बजार छ। जुन बिक्री सिप्रदीले नै गर्ने गरेको छ।

सिप्रदीका हाल देशभरी वर्कसप, शोरुम, स्पेयर्स लगायतका सेवा विस्तार गरिरहेको छ। ५६ वटा आफ्नै अत्याधुनिक वर्कसप छन्। पूर्वको मेचीदेखि पश्चिममा महाकालीसम्मका राष्ट्रिय राजमार्ग र प्रमुख शहरहरुमा सिप्रदीको आधिकारिक शोरुमहरु रहेका छन्।

**नेपालका महत्वपूर्ण क्षेत्रलाई सिप्रदीको ट्रेनिङ**

सिप्रदीले नेपालकै उत्कृष्ट अटोमोबाइल ट्रेनिङ सेन्टर पनि चलाइरहेको छ। जसमा सेना, प्रहरीका चालक र मेकानिकले पनि तालिम लिन्छन्। उक्त कार्यवाट नेपाल सरकारलाई समेत योगदान पुगेको छ।

**सिप्रदीको ग्राहकप्रतिको दाइत्व**

कम्पनीले ग्राहकमाथि विश्वास दिलाउन विभिन्न योजनाहरु ल्याएका छन्। सिप्रदीले अहिले तोकिएको समयभित्र मर्मत गरेर नदिए ग्राहकलाई नै क्षतिपूर्ति दिनेसम्मका कामहरु गर्दै आएको छ। जुन कार्यवाट ग्राहक प्रतिको उत्तरदाइत्व




पुरा गर्ने गरेको जिम्मेवार कम्पनीको रुपमा स्थापित छ। सिप्रदी ट्रेडिङद्धारा बिक्री वितरण गरिएका कुनैपनि सवारी साधन, लुब्रीकेट, स्पेयर पार्टसमा समस्या आएमा कम्पनीलाई निसंकोच कम्प्लेन गरेमा सुधार गर्ने गरेको र पार्टसहरु एक्सचेन्ज गरेर ग्राहकलाई सन्तुष्ट दिने गरेको कम्पनीका अधिकृतहरुले बताउदै आएका छन्।






















जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार